आज मिति २०७८ जेठ ०९ गते आइतबार बिहान ११:०० बजे गाउँपालिकाको सभाहलमा यस तीनपाटन गाउँपालिकाका अध्यक्ष श्री कर्ण बहादुर मगरको अध्यक्षतामा बसेको गाउँ कार्यपालिका बैठकमा देहाय बमोजिमको उपस्थितिमा तपसिलका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गरियो ।

**–उपस्थिति–**

| सि.नं. | पदाधिकारीका नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | अध्यक्ष | |
| २. | श्री पदम माया तामाङ | उपाध्यक्ष | |
| ३. | श्री विष्णु प्रसाद सुवेदी | प्रमुख प्रशासकीय अधिकृत | |
| ४. | श्री गोबिन्द बहादुर राउत | कार्यपालिका सदस्य | |
| ५. | श्री हेम बहादुर श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ६. | श्री लाल बहादुर स्याङ्तान | कार्यपालिका सदस्य | |
| ७. | श्री खड्ग बहादुर भुजेल | कार्यपालिका सदस्य | |
| ८. | श्री दिनेश कुमार रमौली | कार्यपालिका सदस्य | |
| ९. | श्री वीर बहादुर पुलामी | कार्यपालिका सदस्य | |
| १०. | श्री कोमल बहादुर खपाङ्गी | कार्यपालिका सदस्य | |
| ११. | श्री रेखराज अधिकारी | कार्यपालिका सदस्य | |
| १२. | श्री शेर बहादुर मगर | कार्यपालिका सदस्य | |
| १३. | श्री पुण्यहरि भुजेल | कार्यपालिका सदस्य | |
| १४. | श्री हितलाल श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५. | श्री जगदिश्वर तोलाङ्गी | कार्यपालिका सदस्य | |
| १६. | श्री दुधकुमारी ठकुरी | कार्यपालिका सदस्य | |
| १७. | श्री देवमाया श्रेष्ठ | कार्यपालिका सदस्य | देव तामाङ |
| १८. | श्री भगवति कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १९. | श्री गीतामाया थापा | कार्यपालिका सदस्य | गीता |
| २०. | श्री टेक बहादुर परियार | कार्यपालिका सदस्य | |

सहजकर्ता: श्री जीतेन्द्र गिरी, अधिकृत छैठौं

श्री पदम बहादुर तामाङ, का.स.

श्री नारायण अधिकारी

**मिति २०७८ जेठ ०९ गते आइतबार बसेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु:**

| निर्णय नं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १ | कोभिड-१९ नियन्त्रण तथा व्यवस्थापन समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा । | मिति २०७८ वैशाख २३, २५ र २९ गते बसेको कोभिड-१९ नियन्त्रण तथा व्यवस्थापन समितिको निर्णय निम्न बमोजिम संशोधन गरी अनुमोदन गर्ने :<br>(क) गाउँपालिका तथा वडा कार्यालयबाट प्रवाह गरिने योजनाको सम्झौता, अनुगमन र भुक्तानी सम्बन्धी कार्य तथा अत्यावश्यक बाहेकका सेवाहरु आगामी ज्येष्ठ १५ गतेसम्म बन्द गर्ने ।<br>(ख) जेठ १५ गते पश्चात सेवा नियमित गर्ने वा स्थगन गर्ने सम्बन्धमा परिस्थिति हेरी गाउँपालिकाले निर्णय गर्ने ।<br>(ग) नेपाल रेडक्रस सोसाइटी, लाम्पनटार उपशाखाबाट सञ्चालित एम्बुलेन्सलाई कोरोना संक्रमित बिरामी मात्र बोक्न प्रयोग गर्ने तथा एम्बुलेन्स चालकलाई संक्रमण अवधिभर खटिएबापत नियमानुसार जोखिम भत्ता गाउँपालिकाले उपलब्ध गराउने । |
| २ | योजनाको सम्झौता, अनुगमन तथा भुक्तानी सम्बन्धमा । | चालु आ.व.मा सञ्चालित योजनाहरुको सम्झौता, अनुगमन तथा भुक्तानी सम्बन्धमा निम्न बमोजिम गर्ने :<br>(क) स्वास्थ्य सम्बन्धी मापदण्ड कडाइका साथ पालना गर्ने/गराउने ।<br>(ख) एक दिनमा एउटा वडाको दरले बिहान बेलुका उपयुक्त समय मिलाई योजना भुक्तानी हुने ।<br>(ग) उपभोक्ता समितिसँग सम्झौता हुन बाँकी रहेका वडास्तरीय, पालिकास्तरीय, प्रदेश र संघका योजनाहरु जेठ १५ गतेभित्र अनिवार्य रुपमा पेश गर्ने अन्यथा सम्झौता नहुने ।<br>(घ) हाल पालिकाभर कोरोना भाइरसको नयाँ भेरियण्ट सहितको संक्रमण फैलिरहेको अवस्थामा गाउँपालिकाको अनुगमन तथा सुपरीवेक्षण समिति सबै वडाहरुमा पुग्न नसेक्ने अवस्थालाई मध्यनजर गरी आगामी गाउँसभाबाट अनुमोदन हुने गरी रु.१,००,०००/- (एक लाख) लागत सम्मका योजनाहरु वडा समिति र सम्बन्धित वडाको प्राविधिकहरुको संयुक्त अनुगमन तथा सिफारिसको आधारमा भुक्तानी गर्ने । |
| ३ | विद्यार्थीको शैक्षिक मूल्याङ्कन गरी नतिजा प्रकाशन गर्न विद्यालयलाई निर्देशन दिने सम्बन्धमा । | चालु शैक्षिक सत्र २०७७ को विद्यार्थी मूल्याङ्कन सम्बन्धमा गाउँपालिकाको मिति २०७७/०२/०७ को निर्णय अनुमोदन गर्ने । |
| ४ | प्रकाशित बोलपत्र सम्बन्धी कार्य अघि बढाउने सम्बन्धमा । | हाल देशभर कोरोना भाइरसको नयाँ भेरियण्ट सहितको संक्रमण फैलिरहेको अवस्थामा निर्माण सम्बन्धी कार्य नियमित रुपमा अघि बढाउने नेपाल सरकारको निर्णयानुसार यस गाउँपालिकाले विभिन्न मितिमा विद्युतीय माध्यमबाट (e-Bid) गरिएको सार्वजनिक निर्माण सम्बन्धी कार्यहरु नियमानुसार नियमित रुपमा सञ्चालन गर्ने । |

**मिति २०७८ जेठ ०९ गते आइतबार बसेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु:**

| निर्णय नं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| ५ | एकद्वार सङ्कट व्यवस्थापन केन्द्र (OCMC) लाई बजेट उपलब्ध गराउने सम्बन्धमा। | OCMC को जिल्ला सल्लाहकार समितिको मिति २०७७/०९/२८ को निर्णयबमोजिम एकद्वार सङ्कट व्यवस्थापन केन्द्र (OCMC) लाई घटना व्यवस्थापक (Case Manager) को पारिश्रमिक र औषधि व्यवस्थापन गर्न रु.६६,०००/- (छैसट्ठी हजार) सिन्धुली जिल्ला अस्पताल विकास समितिको खातामा नं. १०६०१०००१६४६५००१ मा विपद् व्यवस्थापन कोषबाट उपलब्ध गराउने। |
| ६ | समपूरक कोष सम्बन्धमा। | वडा नं. १० मा रहेको स्वास्थ्य इकाईमा खानेपानी व्यवस्थापन गर्न सिड्स नेपाल सिन्धुलीको रु.४,००,०००/- (चार लाख) र गाउँपालिका समपूरक कोषबाट रु. २,००,०००/- (दुई लाख) गरी जम्मा रु. ६,००,०००/- (छ लाख) योजना साझेदारीमा सम्पन्न गर्ने। |
| ७ | साझेदारीमा कार्यक्रम सम्पन्न गर्ने सम्बन्धमा। | उपाध्यक्ष उद्यमशिलता कोष अन्तर्गत कृषि उद्यम तथा उपजलाई प्रोत्साहन तथा बजारीकरण गर्न वडा नं. ७ स्थित दर्तावाल गौरीशंकर महिला कृषि तथा पशुपन्छी समूहलाई कृषि उपज ढुवानी गर्न गाउँपालिकाले उपाध्यक्ष उद्यमशिलता कोषबाट रु.१५,००,०००/- (पन्ध्र लाख) र बाँकी रकम समूहले व्यहोर्ने गरी साझेदारीमा दुर्गम क्षेत्रलाई उपयुक्त हुने ढुवानीको साधन खरिद गर्न प्रचलित कानून बमोजिम खरिद प्रक्रिया अघि बढाउने र प्राप्त साधन उक्त समूहसँग सम्झौता गरी कार्यविधि बमोजिम सञ्चालन गर्ने। |
| ८ | बरबुझारथ सम्बन्धमा। | यसअघि स्वास्थ्य संयोजक रहेका सि.अ.हे.व. रामवेचन साहले हालसम्म बरबुझारथ नगरेको पाइएकोले हालका स्वास्थ्य संयोजक सि.अ.हे.व श्री इन्द्र बहादुर दुलाललाई तीन दिन भित्रमा बरबुझारथ गर्न ताकेता गर्ने अन्यथा नियमानुसार हुने। |
| ९ | वडा नं. १ को वडा सदस्यको स्वास्थ्य उपचार सम्बन्धमा। | वडा नं. १ को वडा सदस्य श्री डिल्ली बहादुर खड्का दुर्घटनामा परी उपचाररत रहेकोले औषधोउपचार खर्च शिर्षकमा रहेको २८,३०७- (अठ्ठाइस हजार तीन सय सात) र सम्पूर्ण जनप्रतिनिधिहरुको एक दिनको सुबिधा बराबरको रकम कट्टा गरि बिरामीलाई दिने। |

मिति २०७८ जेठ ०९ गते आइतबार बसेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु:

| निर्णय नं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १० | इलाका प्रहरी कार्यालय भवन निर्माणको लागि जग्गा उपलब्ध गराउने सम्बन्धमा । | यस गाउँपालिकाको केन्द्रमा इलाका प्रहरी कार्यालय स्थापना गर्न गाउँपालिकाको निर्माणाधीन प्रशासकीय भवनको पश्चिमतर्फ ४ (चार) कठ्ठा र सो को २०० मि. भित्र आसपासमा ४ (चार) कठ्ठा गरी जम्मा ८ (आठ) जग्गा उपलब्ध गराउने । |
| ११ | योजना संशोधन सम्बन्धमा । | **आगामी गाउँसभाबाट अनुमोदन हुने गरी तपसिल बमोजिम संशोधन गर्ने :**<br>१. सि.नं.१९२ को "गोरेसिद्ध मन्दिर बेलघारी-१, रु.१,००,०००/- (एक लाख)" योजना निम्न बमोजिम संशोधन गर्ने:<br>(क) कर्कलेटार चिसापानी झलिमाया टोल खानेपानी, रु. ५०,०००/- (पचास हजार)<br>(ख) निबुवाटार देवीथान खोल्सादेखि सोम श्रेष्ठ घरसम्म सडक, रु. ५०,०००/- (पचास हजार)<br>२. वडा नं. १ को प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको सि.नं. ३ (आठौं गाउँसभाको निर्णय) मा "आजाद स्मृति भवन" शिर्षकमा विनियोजित रकम रु.६,४०,०३०/- (छ लाख चालिस हजार तीस) को शिर्षक संशोधन गरी "झुँगा छर्छरे मोटरबाटो" कायम गर्ने ।<br>३. वडा नं. २ को आठौं गाउँसभाबाट संशोधित योजनाको सि.नं.१.१ को "महांकाल सामुदायिक वन" शिर्षकमा विनियोजित रकम रु.१,००,०००/- (एक लाख) को शिर्षक संशोधन गरी "सरस्वती कृषि तथा पशुपन्छी फर्म" कायम गर्ने ।<br>४. वडा नं. ३ को वडास्तरिय योजनाको सि.नं. ५ को "महिला जनजाति दलित कार्यक्रम" शिर्षकमा विनियोजित रकम रु.५०,०००/- (पचास हजार) को शिर्षक संशोधन गरी "कृषि सहकारी फर्निचर खरिद" कायम गर्ने ।<br>५. वडा नं. ५ को आठौं गाउँसभाबाट संशोधित योजना सि.नं.५ को "खुला मञ्च व्यवस्थापन" शिर्षकमा विनियोजित रकम रु.५०,०००/- (पचास हजार) र सि.नं. ६.३ को "वाल संरक्षण कार्यक्रम" शिर्षकमा विनियोजित रकम रु.५०,०००/- (पचास हजार) गरी जम्मा रु. १,००,०००/- (एक लाख) को शिर्षक संशोधन गरी "खुला मञ्च व्यवस्थापन सामाग्री खरिद" कायम गर्ने ।<br>६. वडा नं. ७ को वडास्तरिय योजनाको सि.नं. ३१ को "भञ्ज्याङ्गगाउँ गरिबि निवारण समूह तरकारी खेती" शिर्षकमा विनियोजित रकम रु.५०,०००/- (पचास हजार) को शिर्षक संशोधन गरी "भञ्ज्याङ्गगाउँ जुनार सुन्तला बिरुवा खरिद" कायम गर्ने । साथै, सि.नं. ३४ को "सल्ले गरिबि निवारण समूह तरकारी खेती" शिर्षकमा विनियोजित रकम रु.१,००,०००/- (एक लाख) को शिर्षक संशोधन गरी "सल्ले जुनार सुन्तला बिरुवा खरिद" |

कर्ण बहादुर मगर
गाउँपालिका अध्यक्ष

मिति २०७८ जेठ ०९ गते आइतबार बसेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु:

| निर्णय नं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| | | कायम गर्ने ।<br>७. वडा नं. ९ को वडास्तरिय योजनाको सि.नं. १० को "कृषि सम्बन्धी विउविजन खरिद" शिर्षकमा विनियोजित रकम रु.१,००,०००/- (एक लाख) को शिर्षक संशोधन गरी "आम्बोटे कृषि सहकारी विउविजन खरिद" कायम गर्ने ।<br>८. वडा नं.१० को प्रधानमन्त्री रोजगार कार्यक्रमको सि.नं. १३ को "गुम्बा मर्मत" शिर्षकमा विनियोजित रकम रु.२,००,०००/- (दुई लाख)" को शिर्षक संशोधन गरी "मा.वि बाङ्गरिङ फिल्ड सफा र एक्ले बर हुँदै घागेटार दवीथान सम्म बाटो ड्रेन" कायम गर्ने ।<br>९. वडा नं. ११ को गाउँपालिकास्तरीय योजनाको सि.नं.१११ को "लाम्पन्टार थिङटोल कदमे ट्रयाक निर्माण" शिर्षकमा विनियोजन भएको रकम रु.१,५०,०००/- (एक लाख [illegible]ास हजार) को शिर्षक संशोधन गरी "खानेपानी पाइप तथा सिमेन्ट खरिद (अध्यक्ष)" कायम गर्ने ।<br>१०. वडा नं.११ को प्रधानमन्त्री रोजगार कार्यक्रमको सि.नं. ५ को "जातेखाडी मोटरबाटो सोलिङ" शिर्षकमा विनियोजित रकम रु.६२,६०९/- (बैसट्ठी हजार छ सय नौ)" को शिर्षक संशोधन गरी "भिमसेन मन्दिर खानेपानी पाइप खन्ने पुर्ने" कायम गर्ने ।<br>११. वडा नं. ११ को आठौं गाउँसभाबाट संशोधित योजनाको सि.नं.१ "स्थानीय कला सँस्कृति प्रवर्द्धन कार्यक्रम" शिर्षकमा विनियोजित रकम रु.५०,०००/- (पचास हजार) को शिर्षक संशोधन गरी "भिमसेन मन्दिर ट्रस निर्माण" कायम गर्ने ।<br>१२. न्यायिक समिति तर्फको सि.नं. २ मा "समितिका सदस्य इजालस भत्ता" शिर्षकमा विनियोजित रकम रु.७२,०००/- (बहत्तर हजार)" को शिर्षक संशोधन गरी "कार्यालय सञ्चालन खर्च" कायम गर्ने ।<br>१३. महिला विकास शाखा अन्तर्गत सि.नं. ४ मा "किशोरीहरुका लागि जीवनपयोगी सीप विकास तालिम" शिर्षकमा विनियोजित रकम रु. १,००,०००/- (एक लाख) र सि.नं. ५ मा "गाउँपालिकास्तरीय ज्येष्ठ नागरिक मिलान समिति गठन" शिर्षकमा विनियोजित रकम रु.५०,०००/- (पचास हजार) गरी जम्मा रु.१,५०,०००/- (एक लाख पचास हजार) रकम संशोधन गरी सि.नं. २ बमोजिम "अपाङ्ग भएका व्यक्तिका लागि कार्यक्रम" शिर्षकमा थप गर्ने । |